# नेपाल विद्युत प्राधिकरण
## बार्षिक उपलव्धी सम्वन्धमा प्रेस विज्ञप्ती

१. आ.व. २०७५/७६ मा ने.वि. प्रा.को खुद मुनाफा ७ अर्व २० करोड हुन आएको छ, जुन आ.व. २०७४/७५ को खुद मुनाफा रु २ अर्व ९० करोडको तुलनामा १४९ प्रतिशतले बढी हो ।

२. आ.व. २०७५/७६ मा विद्युत चुहावट १५.३२ प्रतिशत कायम भएको छ, जुन गत आ.व.को २०.४५ प्रतिशत भन्दा ५.१३ प्रतिशतले कमी हो । आ. व. २०७२/७३ मा कूल चुहावट २५.७८ प्रतिशत रहेकोमा ३ वर्षभित्र १०.४६ प्रतिशतले कमी आएको छ ।

३. गत आ.व.मा नेपाल सरकारको ढुकुटीमा सावा १ अर्व, विगत वर्षहरुको व्याज समेत १३ अर्व १६ करोड र रोयाल्टी वापत १ अर्व ४४ करोड गरी जम्मा १५ अर्व ५९ करोड जम्मा गरिएको छ ।

४. गत आर्थिक वर्षसम्ममा ग्रीडमा अवाद्ध भै विद्युत उपभोक गर्ने जनसंख्या करिव ७८ प्रतिशत अर्थात करिव ४५ लाख पुगेको छ । यो गत वर्षको तुलनामा करिव १० प्रतिशतले बृद्धि हो ।

५. गत आ.व.को कूल विद्युत उपलव्धता ७ अर्व ५५ करोड युनिट (गिगावाट आवर) मध्ये ने.वि.प्रा.को उत्पादन करिव २ अर्व ५५ करोड, नीजि उत्पादकहरुको २ अर्व १९ करोड र आयात २ अर्व ८१ करोड यनिट रहेको छ । अर्थात् ने.वि. प्रा.को उत्पादन करिव ३४ प्रतिशत, नीजि उत्पादन २९ प्रतिशत र आयात ३७ प्रतिशत रहेको छ । विद्युत निर्यात ३ करोड ४७ लाख युनिट रहेको छ ।

६. विद्युत खरिदतर्फ नीजि उत्पादकहरुबाट रु १४ अर्व १३ करोड र आयात तर्फ रु २३ अर्व ३ करोड हुन आउंछ । विद्युत निर्यात करिव रु ३२ करोड रहेको छ ।

७. गत आर्थिक वर्षमा प्रसारण लाईन तर्फ करिव ७५७ सर्किट कि.मी लाईन सम्पन्न भै ६०६ सर्किट कि.मी. चार्ज भएको, वितरण लाईन तर्फ (३३ के.भी.र सोभन्दा मुनि) करिव ९,७२२ सर्किट कि.मी लाईन निर्माण सम्पन्न भै चार्ज भएका छन् । प्रसारण तथा वितरण गरी जम्मा ४० वटा सव्स्टेसन नयां विस्तार एवं स्तरोन्नति गरी करिव ९२० एम.भि.ए. क्षमता थप भएका छन् भने वितरण ट्रान्स्फरर्मरह्रु कूल ६,५८१ वटा थप गरी करिव ६६० एम.भी.ए क्षमता वितरण प्रणालीमा थप भएको छ ।

८. विद्युत प्राधिकरणभित्र लामो समयदेखि सम्पन्न हुन नसकेका रुग्न आयोजनाहरु मध्ये अप्पर त्रिशुली ३ए (६० मेगावाट) तथा कावेली करिडोर लगाएत उत्पादन तर्फ १, प्रसारण तर्फ